फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्ड : ४ संख्या : ९ मितिः २०७८/१०/२६

भाग-१

फलेवास नगर कार्यपालिका

## फलेवास नगरपालिकाको कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको ऐन, २०७८

**नगर सभावाट स्वीकृत मिति : २०७८/१०/२६**

फलेवास नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमका ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

प्रस्ताबनाः

फलेवास नगरपालिकामा कार्यरत कर्मचारीहरुका वृत्ति विकासलाई समयानुकुल व्यवस्था गर्न, कर्मचारीहरुलाई सेवाप्रति समर्पित गराई सेवा प्रवाहमा प्रभावकारिता ल्याउन एवं नेपालको संविधानले अंगिकार गरेको सुशासन प्रर्वधन गर्न, कर्मचारीहरुको उचित व्यवस्था गरी समयानुकुल परिवर्तन गर्न र स्थानीय शासन पद्धतिलाई सरल, सहज र पारदर्शी तवरबाट गुणस्तरीय तथा सेवामुखी बनाउन साथै स्थानीय सेवामा कार्यरत रहेका कर्मचारीहरुको व्यवस्थापन समेत गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ र १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी फलेवास नगरपालिकाको दशौं नगर सभाबाट यो ऐन बनाई जारी गरिएको छ ।

## परिच्छेद १
## सङ्क्षिप्त नाम र प्रारम्भ

**१. सङ्क्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "फलेवास नगरपालिकाको कर्मचारी सेवा व्यवस्थापन गर्न बनेको ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन फलेवास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :**

(क) "उपप्रमुख" भन्नाले फलेवास नगरपालिकाका उपप्रमुख सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले नगरपालिकामा कार्यरत सबै कर्मचारी सम्झनु पर्छ ।

(ग) "कार्यपालिका सदस्य" भन्नाले फलेवास नगरपालिकाको कार्यपालिका सदस्य सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले फलेवास नगरपालिका सम्झनु पर्छ ।

(ङ) "प्रमुख" भन्नाले फलेवास नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फलेवास नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयमा कार्यरत प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

**३. सङ्गठन तथा कर्मचारी दरबन्दी :**

(क) स्थानीय तहमा सेवा प्रवाहका लागि आवश्यक पर्ने सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी फलेवास नगरपालिकाको नगर सभाले स्वीकृत गरे बमोजिम हुनेछ ।

(ख) फलेवास नगरपालिकामा कार्यरत सामाजिक परिचालकलाई वडा कार्यालयमा वडा सहायकको रुपमा, क्लिन फलेवास ग्रिन फलेवासका सामाजिक अभियन्ता, कार्यरत कर्मचारी, पशु प्राविधिक तथा कृषि प्राविधिक, कम्प्युटर अपरेटर, स्वास्थ्य सेवा कर्मचारी, सव ईन्जिनियर र अन्य प्राविधिकहरुलाई सहायक स्तर चौँथौ वा पाँचौ तहमा स्वीकृत सङ्गठन संरचना अनुसार पदस्थापना गरी जिम्मेवारी दिनु पर्नेछ । ईन्जिनियर, अन्य अधिकृत दरबन्दीमा रहेका, कार्यक्रम तथा अभियानमा अधिकृत स्तरमा रहेका कर्मचारीहरुलाई सोही अनुसार दरबन्दीमा व्यवस्थापन हुनेछ ।

(ग) फलेवास नगरपालिकाको कार्यालय वा अर्न्तगतका कार्यालयमा कार्यरत कार्यालय सहयोगी, कुचीकार, माली, हेभी सवारी चालक, हलुका सवारी चालक वा यस्तै प्रकृतिका अन्य कर्मचारीलाई स्वीकृत सङ्गठन संरचना अनुसार पदस्थापना गरी काममा लगाउनु पर्नेछ ।

(घ) संघिय सरकारको सशर्त कार्यक्रम अनुसार कार्यरत कर्मचारीहरुलाई सङ्घीय सरकारको सशर्त कार्यक्रम समाप्त भएपश्चात पनि स्वीकृत सङ्गठन संरचना अनुसारको मिल्दो काममा लगाउन सकिनेछ ।

तर उपदफा (ख), (ग) र (घ) व्यवस्था बमोजिम स्वीकृत सङ्गठन संरचना अनुसार पदस्थापना गरिएका कर्मचारीहरुको प्रचलित कानुन अनुसारको तलब स्केल आगामी आर्थिक वर्षबाट मात्र लागु गरिनेछ ।

ङ) उपदफा (ख), (ग) र (घ) अनुसार कर्मचारीहरुलाई स्वीकृत सङ्गठन संरचना अनुसार पदस्थापना गर्दा प्रचलित कानुनले तोकिए अनुसारको शैक्षिक योग्यता, उमेर, तालिम, अनुभव लगायतका आवश्यक कागजातहरु हुनुपर्दछ ।

**४. करार, सेवा करार र ज्यालादारी कर्मचारी व्यवस्थापन :**

नगरपालिकामा कार्यरत करार, सेवा करार र ज्यालादारी कर्मचारीलाई तपशिल बमोजिम स्थानीय तहमा व्यवस्थापन गरिने छ ।

| नगरमा भएको पद | हाल काम गरिरहेको पद | व्यवस्थापन गर्ने तह |
|---|---|---|
| बगैंचा व्यवस्थापन | माली | श्रेणी विहीन |
| कार्यालय सहयोगी | कार्यालय सहयोगी | श्रेणी विहीन |
| हलुका सवारी चालक | हलुका सवारी चालक | श्रेणी विहीन |
| डोजर अपरेटर | डोजर अपरेटर | श्रेणी विहीन |
| सहायक अपरेटर | सहायक अपरेटर | श्रेणी विहीन |
| वडा सहायक | वडा सहायक/सा.प. | सहायक चौथो |
| सामाजिक अभियन्ता | सामाजिक अभियन्ता | सहायक चौथो |
| उद्यम विकास सहजकर्ता | उद्यम विकास सहजकर्ता | सहायक चौथो |
| एक गाउँ एक प्राविधिक | एक गाउँ एक प्राविधिक | सहायक चौथो |
| फिल्ड सहायक | फिल्ड सहायक | सहायक चौथो |
| कम्प्युटर अपरेटर | कम्प्युटर अपरेटर | सहायक पाँचौं |
| एम.आई.एस.अपरेटर | एम.आई.एस. अपरेटर | सहायक पाँचौं |
| उद्यम विकास सहजकर्ता | उद्यम विकास सहजकर्ता | सहायक पाँचौं |
| रोजगार संयोजक | रोजगार संयोजक | अधिकृत छैटौं |
| कृषि अधिकृत | कृषि अधिकृत | अधिकृत छैटौं |
| सूचना प्रविधि अधिकृत | सूचना प्रविधि अधिकृत | अधिकृत छैटौं |

(१) कर्मचारीहरुको सेवा सुविधा सोही तहको सङ्घीय कर्मचारीले पाए सरह हुनेछ ।

(२) नगर कार्यपालिकाको कार्यालयले नगरमा कार्यरत स्थायी, अस्थायी, करार, सेवा करार र ज्यालादारीको रुपमा कर्मचारीहरुलाई महँगी भत्ता, स्थानीय भत्ता, पोशाक भत्ता, चाडवाड खर्च, अतिरिक्त कामका लागि प्रोत्साहन भत्ता, कर्मचारी कल्याण कोष, संचित विदा, सेवा निवृत्त हुँदा तोकिएबमोजिमको सेवा सुविधा उपलव्ध गराउन सक्नेछ ।

**५. कर्मचारी हाजिर गराउनु पर्ने एवं जिम्मेवारी दिनुपर्नेः**

(१) यस ऐन बमोजिम तह मिलान गरिएका कर्मचारीलाई हाजिर गराई जिम्मेवारी दिनु प्रशासन शाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी हुनेछ ।

**६. पदपूर्ति समिति सम्बन्धी व्यवस्थाः**

(१) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा नगर कार्यपालिकाले प्रशासन शाखाको अधिकृत, राजश्व शाखाको अधिकृत, लेखा शाखाको अधिकृत र प्रमुख प्रशासकीय अधिकृतले तोकेको कुनै एक अधिकृत कर्मचारी गरि ५ जना अधिकृत स्तरका कर्मचारी सम्मिलित एक पदपुर्ति समितिको गठन गरिने छ ।

(२) यस ऐन बमोजिमका पदपुर्ति, बढुवा, ग्रेडवृद्धि एवं सेवा करारका निर्णय उपदफा (१) बमोजिमका समितिले गर्नेछ ।

(३) समितिले परिक्षाहरु सञ्चालनको लागि आवश्यकता अनसार उपसमिति गठन गर्न, विज्ञ तथा विशेषज्ञहरुको सेवा लिन वा लोकसेवा आयोगको सहयोग लिन सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको तह वृद्धि वा स्तर वृद्धि वा ग्रेड थप गर्दा संघीय ऐनसँग नबाझिने गरी कार्यविधि बनाई गर्नु पर्नेछ ।

## परिच्छेद २
## कर्मचारी सम्बन्धी नीति निर्धारण एवं मार्गदर्शन सम्बन्धी व्यवस्था

**७. कर्मचारीको व्यवस्थापन समितिः**

(१) स्थानीय तहका स्थायी, अस्थायी, करार, सेवा करार र ज्यालादारीमा काम गर्ने कर्मचारीहरुको विषयमा नगर कार्यपालिकालाई आवश्यक सुझाव दिन तथा आवश्यक नीति निर्धारण गर्न एक कर्मचारी व्यवस्थापन समिति रहने छ ।

(२) कर्मचारी व्यवस्थापन समितिमा देहायका सदस्यहरु रहने छन् :
अध्यक्ष : उपप्रमुख वा संयोजक संस्थागत विकास समिति
सदस्य : प्रमुख प्रशासकीय अधिकृत
सदस्य : नगर प्रमुखले तोकेका कार्यपालिका सदस्य दुई जना
सदस्य : नगर प्रमुखले तोकेका विषयगत क्षेत्रका विज्ञ दुई जना
सदस्य सचिव : प्रशासन शाखा प्रमुख

(३) समितिले आफनो बैठकमा आवश्यकता अनुसार अन्य विशेषज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) कर्मचारी संघ संगठनका मागका विषयमा हुने छलफलमा वा कर्मचारीका प्रतिनिधिमूलक संस्थाहरुको उपस्थिति पनि आवश्यक हुने बैठकहरुमा यस्ता संघ संस्थाका प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम बैठकमा आमन्त्रण गर्ने व्यक्तिका सूची समितिका अध्यक्षले तोके बमोजिम हुनेछ ।

(६) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

**८. कर्मचारी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

(१) दफा (१०) बमोजिम गठित कर्मचारी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) फलेवास नगरपालिकाको कर्मचारी प्रशासनसँग सम्बन्धित नीति निर्धारण गर्न कार्यपालिका समक्ष सिफारिस गर्ने,

(ख) फलेवास नगरपालिकाको संगठन संरचना पुनरावलोकनका लागि आवश्यक अध्ययन अनुसन्धान गर्न वा गराउन नगरपालिकामा सिफारिस गर्ने,

(ग) कार्यरत कर्मचारीका सुविधा एवं सेवाका शर्तहरु थप तथा हेरफेर गर्ने विषयमा नगरपालिकालाई आवश्यक सुझाव दिने,

(घ) कर्मचारी कल्याणकारी कोषको व्यवस्थापनमा नगरपालिकालाई सुझाव दिने,

(ङ) कर्मचारीहरुको प्रतिनिधिमुलक संस्थाहरुसँग आवश्यक समन्वय र सम्बन्ध स्थापित गर्ने ।

## परिच्छेद ३
## स्थायी पदमा कार्यरत कर्मचारीहरुले पाउने अवकाश सुविधाः

**९. स्थायी पदमा कार्यरत कर्मचारीहरुले पाउने अवकाश सुविधाः**

(१) स्थानीय सेवामा कार्यरत कर्मचारीले अवकाश हुँदा पाउने उपदान तथा अवकाश सुविधा सम्बन्धी व्यवस्था निजामती सेवा ऐन २०४९ तथा निजामती सेवा नियामावली, २०५० संग नबाझिने गरी तथा कर्मचारी समायोजन ऐन, २०७५ को मर्म तथा भावना अनुसार हुने गरी कार्यपालिकाबाट कार्यबिधि बनाई लागु गरिनेछ।

**१०. अस्थायी, करार, सेवा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुले पाउने अवकाश सुविधा :**

(१) अस्थायी, करार, सेवा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुले पाउने अवकाश सुविधा निम्न बमोजिम हुनेछ :

(क) फलेवास नगरपालिकाको अस्थायी, करार, सेवा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुले पाउने अवकाश सम्बन्धी कार्यविधि, निति को व्यवस्था अनुसार हुनेछ। तर स्थायी कर्मचारीको हकमा प्रचलित निजामती सेवा ऐन, २०४९ को व्यवस्था अनुसार हुनेछ।

## परिच्छेद ४
## कर्मचारीका सेवाका शर्तहरु सम्बन्धी

**११. बिदा, काज लगायतका सुविधा सम्बन्धीः**

(१) सङ्घीय निजामती सेवाबाट समायोजन भई आएका कर्मचारीले पाउने बिदा तथा काज सम्बन्धी व्यवस्था सङ्घीय निजामती सेवा ऐन बमोजिम हुनेछ।

(२) स्थानीय तहका लागि भनी सङ्घीय लोक सेवा आयोगले पदपूर्ति गरी, अन्य स्थानीय तहबाट सरुवा भई आएका कर्मचारीले पाउने बिदा, काज जस्ता सुविधा यस नगरपालिकाका स्थायी कर्मचारीले पाए सरह हुनेछ।

(३) नगरपालिकामा कार्यरत स्थायी कर्मचारीले पाउने बिदा, काज जस्ता सुविधा सङ्घीय निजामती सेवा ऐनमा तोकिए बमोजिम हुनेछ।

(४) नगरपालिकामा कार्यरत अस्थायी तथा करारका कर्मचारीले पाउने बिदा तथा काज जस्ता सुविधा तोकिए बमोजिम हुनेछ ।

(५) नगरपालिकामा कार्यरत सेवा करार तथा ज्यालादारी कर्मचारीले पाउने बिदा, काज जस्ता सुविधा सङ्घीय सेवा करार सम्बन्धी निर्देशिका बमोजिम गरिने करार सम्झौता तथा नियुक्ति पत्रमा उल्लेख गरे बमोजिम हुनेछ।

**१२. स्थानीय सेवाका कर्मचारीहरुलाई दिइने सजाय सम्बन्धी :**

(१) संघीय निजामति सेवाबाट समायोजन भई आएका कर्मचारीलाई दिइने सजाय सम्बन्धी व्यवस्था र त्यसका आधार सङ्घीय निजामती सेवा ऐन बमोजिम हनेछ।

(२) स्थानीय तहका लागि भनी सङ्घीय लोकसेवा आयोगले पदपूर्ति गरेका, अन्य स्थानीय तहबाट सरुवा भई आएका कर्मचारीलाई दिइने सजाय सम्बन्धी व्यवस्था र त्यसका आधार सङ्घीय निजामती सेवा ऐन बमोजिम हनेछ।

(३) नगरपालिकामा कार्यरत स्थायी कर्मचारीलाई दिइने सजाय सम्बन्धी व्यवस्था र त्यसका आधार सङ्घीय निजामती सेवा ऐन बमोजिम हुनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अस्थायी, करार, सेवा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीलाई विभागीय सजाय दिनुपर्ने छानविनबाट देखिएमा निजको म्याद थप गरिने छैन ।

**१३. स्थानीय सेवामा कार्यरत कर्मचारीको समय पालना र आचरण सम्बन्धी व्यवस्था :**

(१) नगरपालिकामा कार्यरत कर्मचारीको समय पालना सम्बन्धी प्रबन्ध तथा आचरण सम्बन्धी व्यवस्था सङ्घीय निजामति सेवा ऐन बमोजिम हुनेछ ।

(२) सङ्घीय निजामती सेवा ऐनमा उल्लिखित समय पालना तथा आचरण सम्बन्धी प्रबन्धलाई अस्थायी, करार, सेवा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीको हकमा समेत लागु गरिनेछ ।

**१४. स्थानीय सेवामा कार्यरत कर्मचारीको अवकाश सम्बन्धी व्यवस्थाः**

(१) यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक नगरपालिकामा कार्यरत कर्मचारी ५८ वर्ष पुगेपछि अनिवार्य अवकाश हुनेछ । यस्ता कर्मचारीलाई अवकाश हुन भन्दा ६ महिना पुर्व नै कार्यालयले सोको जनाउ पत्र दिनेछ ।

**१५. स्वास्थ्य सेवा तर्फका कर्मचारी सम्बन्धी विशेष व्यवस्थाः**

(१) नगरपालिकामा कार्यरत स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुको सेवाका शर्त यस ऐन बमोजिम हुनेछ ।

(२) सङ्घीय स्वास्थ्य सेवा ऐन बमोजिम नियुक्ति भई तथा सङ्घीय समायोजन ऐन बमोजिम समायोजन भई आएका स्वास्थ्य सेवातर्फका कर्मचारीहरुको सेवाका शर्त सोही ऐन बमोजिम हुनेछ ।

(३) अन्य स्थानीय तहका दरबन्दीमा स्थायी नियुक्ति भई यस नगरपालिकामा सरुवा भई आएका स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुको हकमा सङ्घीय तथा प्रदेश कानुनले तोके पछि सोही बमोजिम हुनेछ । तर उक्त प्रबन्ध नभएसम्म फलेवास नगरपालिकाका स्थायी कर्मचारीको हकमा रहेको प्रचलित कानुन बमोजिम हुनेछ ।

(४) स्वास्थ्य सेवाका कर्मचारीहरु सम्बन्धी नीतिगत अस्पष्टता भएमा सङ्घीय कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ५
## विविध

**१६. दरबन्दीको अभिलेख तथा दायित्व व्यवस्थापनः**

(१) यस ऐन बमोजिम कर्मचारीहरु स्थायी तथा समायोजन भईसकेपछिका त्यसका अभिलेख नगरपालिकाको कर्मचारी प्रशासन शाखाले राख्नुपर्नेछ ।

(२) यस ऐन बमोजिम स्थायी तथा समायोजन भएका कर्मचारीहरुको विवरण संघ तथा प्रदेश सरकारका सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

**१७. यस ऐन बमोजिम हुने :**

(१) सङ्घीय निजामति सेवाबाट स्थानीय सेवामा समायोजन भई आएका कर्मचारी तथा स्थानीय तहका लागि सङ्घीय लोकसेवा आयोगले गरेका पदपूर्ति प्रक्रियामा सफल भई अन्य स्थानीय तहबाट सरुवा भई आएका कर्मचारी एवं स्थानीय सेवाका स्थायी पदमा कार्यरत कर्मचारीहरुको बिदा, काज, आचरण सम्बन्धी प्रबन्ध, विभागीय सजाय दिने व्यवस्था जस्ता प्रावधान यस ऐन बमोजिम हुनेछ ।

**१८. आवश्यक व्यवस्था मिलाउनेः**

(१) यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाइ उत्पन्न भएमा नगर कार्यपालिकाले आदेशपत्र, कार्यविधि जारी गरी त्यसको कार्यान्वयन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमका आदेश स्थानीय राजपत्रमा प्रकाशित गरिनेछ ।

**१९. सामाजिक सुरक्षा कोषमा आबद्ध हुने :**

(१) नगरपालिकामा कार्यरत प्रचलित कानुन बमोजिम पेन्सन सुविधा नपाउने कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ ।

(२) यस दफाको प्रयोजनका लागि कर्मचारीका तर्फबाट गर्नुपर्ने योगदान तथा नगरपालिकाका तर्फबाट गर्नुपर्ने योगदान रोजगारदाता र श्रमिकका योगदानका हकमा संघीय कानुनले तोकेबमोजिम हुनेछ ।

**२१. नियम तथा कार्यविधि बनाउने अधिकारः**

यो ऐन कार्यान्वयन गर्नका लागि नगरपालिकाले आवश्यक नियम तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

आज्ञाले,
कृष्ण प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत